नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग

# सामुदायिक वन अध्ययन केन्द्र

ठोकर्पा, सिन्धुपाल्चोक

---

मितिः २०८३/०२/२०

पत्र संख्याः ०८२।८३
चलानी नं.: १६४

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
सामुदायिक वन अध्ययन केन्द्र
ठोकर्पा, सिन्धुपाल्चोक

**श्री डिभिजन वन कार्यालयहरु सबै ।**

विषयः **सामुदायिक वन बुलेटिन प्रकाशनको लागि छोटो समाचार (बुलेटिन) पठाईदिने बारे ।**

प्रस्तुत विषयमा यस अध्ययन केन्द्रले हरेक वर्ष समुदायिक वन लगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरुसँग सम्बन्धित बिभिन्न विषयबस्तु समेटी सामुदायिक वन बुलेटिन प्रकाशन गरिरहेको विषय अवगत नै होला। यस कार्यमा विगतका वर्षहरुमा यहाँहरुको सहभागिता र सहयोगको प्रति हार्दिक आभार प्रकट गर्दछौ। यस वर्ष पनि उक्त बुलेटिन प्रकाशन हुन गईरहेकोले सामुदायिक वन र समुदायद्धारा व्यवस्थापन भएका वनहरुले देहायका विषयमा गरेका उल्लेखनिय नयाँ सफल अभ्यास तथा प्रचारयोग्य कार्यहरुलाई समेटि ५०० शब्द नबढ्ने गरी छोटो समाचार Word File मा तयार गरि cfsc756@gmail.com मा १० (दश) दिनभित्र आईपुग्ने गरि पठाईदिने व्यवस्थाहुनका लागि अनुरोध छ।

**देहायः**

- बाँदर, बदेल लगायत अन्य कृषि हानिकारक वन्यजन्तु नियन्त्रण सम्बन्धि कार्यहरु
- वन्यजन्तु उद्धार, उपचार, हेरचाह तथा रिलिज
- जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धि
- दिगो वन व्यवस्थापन
- वन अतिक्रमण, वन डढेलो नियन्त्रण सम्बन्धि
- वन उद्यम सञ्चालन तथा व्यवस्थापन

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

वन तथा भू-संरक्षण विभाग

# सामुदायिक वन अध्ययन केन्द्र

ठोकर्पा, सिन्धुपाल्चोक

- जडिबुटी खेति, व्यवस्थापन तथा विक्रीवितरण
- काठ दाउरा विक्रीवितरण
- पर्यापर्यटन प्रवर्द्धन
- वन व्यवस्थापन सम्बन्धित भएका प्रदेशस्तरीय कार्याशाला गोष्ठी, सेमिनार आदी
- वन नीति तथा वन ब्यवस्थापन सम्बन्धि ऐन नियममा भएका परिवर्तन सम्बन्धि
- अन्य सम्बन्धित विषयवस्तुहरु।

**बुलेटिन प्रकाशन सम्बन्धि थप जानकारीः**

१. प्रत्येक समाचार/बुलेटिनको उपयुक्त टाईटल हुनुपर्नेछ।

२. समाचारको श्रोतमा सम्बन्धित डिभिजन कार्यालय रहनेछ । साथै कुनै खास कर्मचारी संकलक रहेको अवस्थामा संकलकको नाम समेत उल्लेख गर्न सकिनेछ।

३. समाचार क्लियर सन्देशमुलक सकभर पूर्ण सन्देश समेटिएको (अभ्यास, संलग्न वन समूह, कसरी संचालन भएको, प्रभावकारिता, हालको अवस्था आदि) हुनुपर्नेछ।

४. फोटो अनिवार्य छैन। एकदमै उपयोगी फोटोग्राफ भए Caption र श्रोत खुलाईएको हुनपर्नेछ।

५. समाचार सामुदायिक वनसँग प्रत्यक्ष सम्बन्धित हुनुपर्नेछ।

२०८१।०१।२०

..........................

**मोहनचन्द्र विश्वकर्मा**

केन्द्र प्रमुख

**द्रष्टब्यः** थप जानकारीको लागि केन्द्र प्रमुख ९८५११४११७८ लाई सम्पर्क गर्न सकिनेछ ।

**बोधार्थः**

श्री वन तथा भू-संरक्षण विभाग, ववरमहल, काठमाण्डौ ।